सुदुरपश्चिम प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## कर्मचारी अभिलेख शाखा (PIS शाखा)

धनगढी, कैलाली,
नेपाल।

प.सं. ०८२।०८३
च.नं. १४०८

मिति: २०८२/१२/०९

**विषयः- सेवा अवधि जोड्ने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा सुदूरपश्चिम प्रदेश निजामती सेवाका स्वीकृत दरवन्दीको रिक्त पदमा प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेश, धनगढीद्वारा आह्वान गरिएको खुला विज्ञापनबाट प्रदेश निजामती सेवाको स्थायी पदमा सिफारिस भई नियुक्त एवं पदस्थापन भएकामध्ये साविकमा संघीय लोक सेवा आयोग र विभिन्न प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई संघ वा अन्य प्रदेश वा स्थानीय तह मातहतका निकायको निजामती सेवा वा स्वास्थ्य सेवाको पदमा स्थायी नियुक्ति पाई कार्यरत रही साविकको कार्यालयबाट यस प्रदेशमा रमाना लिई हाजिर हुनुभएका कर्मचारीहरुको हकमा साविकमा गरेको सेवा अवधि निजको हालको सेवा अवधिमा जोड्न चाहेको अवस्थामा जोड्न सकिने व्यवस्था सुदूरपश्चिम प्रदेश निजामती सेवा (संशोधन सहित) ऐन, २०७९ को दफा १२७क र प्रदेश निजामती सेवा (संशोधन सहित) नियमावली, २०८१ को नियम १५१ को उपनियम (३) र (५) मा रहेको छ।

अतः संघ वा अन्य प्रदेश वा स्थानीय तहको निजामती सेवा वा स्वास्थ्य सेवामा स्थायी रूपमा कार्यरत रही प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेशको सिफारिशमा यस प्रदेशको निजामती सेवामा नयाँ नियुक्ति पाई साविकको कार्यालयबाट रमाना लिई हाजिर हुनुभएका कर्मचारीको हकमा हालको सेवामा साविकको सेवा अवधि जोड्न चाहने कर्मचारीहरुले देहायका प्रमाणहरू **साविकको कार्यालयबाट प्रमाणित गराई** निवेदनसाथ संलग्न राखी निर्धारित अवधिभित्रै यस कार्यालयमा पेस गर्नु हुन सम्बन्धित प्रदेश निजामती सेवाका कर्मचारीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

देहायः-

१. अध्ययन बिदा र असाधारण बिदा लिए/नलिएको र सो सम्बन्धी विवरण,
२. औषधी उपचार खर्च वाफतको रकम भुक्तानी लिए/नलिएको, नियमित सावधिक बिमा कट्टी गरी दाखिला भए/नभएको र हालसम्म उक्त रकम भुक्तानी लिए/नलिएको सम्बन्धी आवश्यक विवरण,
३. सेवाको निरन्तरता कायम रहेको, गयल कट्टी भएको/नभएको, निलम्बन र बिभागीय कारवाही भए/नभएको वा हाल निलम्बन वा विभागीय कारवाहीको क्रममा रहे/नरहेको सम्बन्धी विवरण,
४. प्रसुति विदा वा प्रसुति स्याहार विदा सम्बन्धी विवरण,
५. साविकको पदमा नियुक्ति देखि हालसम्मका सम्पूर्ण कागजातहरुको छायाँप्रति कर्मचारी स्वयंले "सक्कल बमोजिम नक्कल ठीक छ, झुट्टा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला" भन्ने बेहोरा लेखी दस्तखत गरी पेश गर्ने,
६. कर्मचारी संकेत नम्बर प्राप्त गरिसकेको भए कर्मचारी वैयक्तिक विवरण (PIS)को प्रिन्ट सहित पेश गर्नुपर्ने।

नवराज ओझा
उपसचिव